

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्नें छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरून्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क २३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० माघ २३ गते मंगलबार ❑ 6 Feb. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–


## केन्द्र सरकारले समयमै कानून बनाउन नसक्दा प्रदेश सरकार अलमलमा

**पोखरापत्र संवाददाता**
पोखरा, २२ माघ

केही कानूनहरु संघिय सरकारले बनाउनु पर्नेमा ढिलाई गर्दा प्रदेश सरकारहरु अन्यौलमा परेको वक्ताले गुनासो गर्नुभएको छ । गण्डकी प्रदेश सभाको सोमबार सम्पन्न छैटौ स्थापना दिवसको अवसरमा वोल्ने वक्ताहरुले केही कानूनहरु संघीय सरकारले बनाउनु पर्नेमा ढिलाई हुँदा प्रदेश सरकारहरु नै अन्यौलमा पर्ने गरेको गुनासो गर्नु भएको हो ।

संघीय सरकारले बनाउनु पर्ने कतिपय ऐन कानूनहरु बनाउन नसक्दा र केन्द्रिकृत मानसिकताले गर्दा प्रदेश सरकारले चाहेर पनि कति काम गर्न नसकेको सहभागिहरुले बताउनु भएको छ । केन्द्रिकृत मानसिकताको कारण प्रदेश सरकारले अपेक्षाकृत काम गर्न नसकेको वक्ताले दाबी गर्नु भएको छ । उक्त कार्यक्रमको उद्घाटन गर्दै प्रदेश प्रमुख पृथ्वीमान गुरुङले संघीय लोकतान्त्रिक गणतन्त्र केवल शासन प्रणालीका रुपमा मात्र नभई नागरिकको जीवन पद्धति र जविनशैलीका रुपमा स्थापित हुनु आवश्य भएको बताउनुभयो। जनताले जुन चाहना र लक्ष्य राखेर प्रदेशको स्थापना भयो ति सबै लक्ष्य र चाहना पूरा गर्ने र संघीयताको औचित्य पुष्टि हुने गरी काम गर्ने जिम्मेवारी प्रदेश सांसद र सरकारको काँधमा रहेको उहाँको भनाई थियो । जनताले



प्रदेश सरकारका माध्यमबाट औद्यौगिकीरण, रोजगारीका अवसरको सृजना, विकास निर्माण, सुशासनको अनुभूति, गाँस बास कपास, शिक्षा स्वास्थ्य, सुरक्षा जस्ता आधारभूत आवश्यकताहरु कुरा गर्न प्रदेश सरकार अझै गम्भीर भएर लाग्न जरुरी रहेकाले राजनीतिक दल र आम नागरीकको भावनालाइ समेटेर साझा बाटोमा हिडनु अहिलेको आवश्यकता भएको प्रदेश प्रमुख गुरुङले जनाउनु भयो । प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले संघीय सरकारका कारण संघीयता भन्ने तर अधिकार भने सबै केन्द्रले राखेका कारण संविधानले दिएको अधिकार समेत प्रदेशले प्रयोग गर्न नपाएको गुनासो गर्नु भयो । प्रदेशको एकल अधिकारको सूचीमा प्रदेश प्रहरी र शान्तिसुरक्षा देखि गुठी व्यवस्थापनसम्म २१ वटा विषय रहेको उहाँले जनाउनु भयो । यी विषयका कानुन तर्जुमा गर्दा समेत साझा अधिकारका विषयमा ध्यान दिनुपर्ने हुनाले प्रदेश सभाले चाहे अनुरुप विधायकी भूमिका निर्वाह गर्न कठिनाई भइरहेको मुख्यमन्त्री पाण्डेको भनाई थियो। साझा अधिकारका विषयमा संघीय तहले तर्जुमा गर्नुपर्ने आवश्यक कानुनहरु तर्जुमा गर्ने कार्यमा जिम्मेवारी लिन र नेतृत्वदायी भूमिका निर्वाह गर्न संघ सरकारलाई उहाँले आग्रह गर्नुभयो । सभामुख कृष्ण धितालले बनेका कानुन कार्यान्वयनमा जोड दिदै प्रदेशको प्रगती र उन्नतीका लागि थप प्रभावकारी ढंगले रचनात्मक कानुनहरु ल्याउन आग्रह गर्नु भयो। राजनीतिक परिवर्तन सगै निमार्ण भएका तीन तहका सरकारले जनतालाई केन्द्रमा राखी काम गरि अगाडी बढ्न उहाको भनाई थियो । प्रमुख प्रतिपक्ष दलका नेता तथा निवर्तमान मुख्यमन्त्री खगराज अधिकारीले साधान स्रोध र अधिकार बाँड फाडमा केन्द्रले ध्यान समेत नदिएको, साझा अधिकारका कानुनहरु नवनाईदिदा प्रदेशले संविधानले दिएको अधिकार समेत प्रयोग गर्न नपाएको गुनासो गर्नु भयो । कानुनले दिएको अधिकार नदिदा प्रदेशले आफनो अस्तीत्व देखिने गरि काम गर्न नपाएको उहाँले दाबी गर्नुभयो। नेकपा माओवादी (केन्द्र) दलका नेता एवं पूर्व मन्त्री हरिबहादुर चुमानले संघ सरकारले कानुन बनाईदेला र हामी बनाउला भनेर कुर्नुको साटो आवश्यक अनुसार कानुन बनाएर प्रदेश अघि बढ्न सक्नु पर्नेमा जोड दिनुभयो । पूर्व सभामुख नेत्रनाथ अधिकारीले प्रदेशको अस्तित्व बचाउन जनताले देखिने गरी सरकारले काम गर्नुपर्नेमा जोड दिनुभयो।

२०७२ सालमा जारी नयाँ संविधान पछि ०७४ सालमा सम्पन्न तीन तहको निर्वाचनपछि निर्वाचित गण्डकीका प्रदेश सभा सदस्यहरुले २०७४ माघ ७ गते आफनो पद तथा गोपनियताको सपथग्रहण गर्नुभएको थियो । सभा सदस्यहरुको सपथग्रहण पछि २२ माघ ०७४ मा प्रदेश सभाको पहिलो बैठक बसेको थियो। पहिलो बैठक बसेको सोही दिनलाई प्रदेश सभाले आफनो स्थापना दिवसको रुपमा मनाउदै आएको छ । प्रदेशमा ६० जना प्रदेश सभा सदस्य हुनुहुन्छ । स्थापनाकालदेखि हालसम्म प्रदेश सभाले प्रदेशको नाम र राजधानी तोक्नेदखि विभिन्न ६४ बटा विधेयकहरु पारित गरिसकेको छ।

## पोखरामा रातो मच्छिन्द्रनाथ र भोटो जात्राको ऐतिहासिक फोटो प्रदर्शनी

**पोखरापत्र संवाददाता**
पोखरा, २२ माघ

पोखरामा रहेको अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालयमा रातो मच्छिन्द्रनाथ र भोटो जात्राबारे जानकारीसहितको ऐतिहासिक फोटो प्रर्दशनी सुरु भएको छ।

संग्रहालयको २१ औं स्थापना दिवसको अवसरमा पाटन दरबार संग्रहालय र हनुमान ढोका दरबार संग्रहालयको सहकार्यमा ऐतिहासिक फोटो प्रदर्शनीमा राखेको हो । रातो मच्छिन्द्रनाथ र भोटो जात्राबारे ऐतिहासिक फोटो प्रदर्शनी माघ २८ गतेसम्म चल्नेछ । पोखराको रातोपैह्रामा रहेको फोटो प्रदर्शनीलाई पोखरा महानगर प्रमुख धनराज आचार्य र ललितपुर महानगर प्रमुख चिरिबाबु महर्जनले संयुक्त रुपमा उद्घाटन गरेका हुन् । कार्यक्रममा पोखरा महानगरका प्रमुख धनराज आचार्यले हिमाली क्षेत्रको रहनसहन, संस्कृति र परम्परा झल्काउन र जीवन्त राख्न म्युजियम महत्वपूर्ण रहेको बताए । उनले फोटो प्रदर्शनीले २ ठूला सहरबीचको सांस्कृतिक सम्पदा आदानप्रदान हुने विश्वास व्यक्त गरे । ललितपुर महानरका प्रमुख चिरीबाबु महर्जनले ललितपुर वरिपरि मनाइने ऐतिहासिक जात्राबारे पोखरामा जानकारीमूलक फोटो प्रदर्शनीले दुवै सहरको प्रचारप्रसारमा सहयोग पुग्ने बताए। सांस्कृतिक सहर ललितपुरमा सम्पदा संरक्षण र पुनर्निर्माणको काम अधिकांश भइसकेको जानकारी दिए । 'सम्पदाको संरक्षण आजमात्र नभई



भोलिका लागि पनि हो।

त्यसमा हामी सचेत हुनुपर्छ', उनले भने । सो अवसरमा प्रदर्शनीमा रातो मच्छिन्द्रनाथ रथ यात्राबारे जानकारी, यात्राको रुट, डकुमेन्ट्रीलगायत प्रदर्शनीमा राखिएको छ । साथै, हनुमान ढोका दरबार क्षेत्रका ऐतिहासिक तस्वीरहरु पनि प्रदर्शनमा राखिने भएको छ। 'हनुमान ढोका दरबार संग्रहालय तथा विकास समितिको सहकार्यमा शाही चित्रकार तथा दरबार फोटोग्राफर दीर्घमान चित्रकार र उनका छोरा गणेशमान चित्रकारले खिचेको चित्र, तस्वीर, दरबार क्षेत्रका स्मारक, जात्रा, उत्सव, तथा जनजीवन झल्किने फोटो एकहप्तासम्म पोखरामै हेर्न व्यवस्था मिलाएको छौं,' संग्रहालयकी कार्यकारी निर्देशक निर्मला न्यौपानेले भनिन् । प्रदर्शनीमा पाटन ढोका दरबार क्षेत्रका महत्वपूर्ण सम्पदाहरु तलेजु मन्दिर, प्रताप मल्लको परिवारसहितको शिलास्तम्भ, मल्लकालीन मूलचोक, मोहनचोकलगायत प्रथम विश्व उद्धका लागि तयार पारिएका नेपाली सेना, विसं. १९९० को महाभूकम्प आदि झल्कने २२ तस्वीर पनि राखिएको छ।

साथै, २१ औं पर्वतीय संग्रहालय दिवसको अवसरमा जर्मनी आरोही हेनिज स्टेन्मिजले नेपालको अन्नपूर्ण चौंथो आरोहण गर्दा खिचेको ऐतिहासिक फोटोसमेत प्रदर्शनीमा राखिने भएको छ। हेनिजले सन् १९९५ मा अन्नपूर्ण चौथो आरोहण गरेका थिए। सन् २००२ देखि बनाउन सुरु भएको संग्रहालय २००४ फेब्रअरी ५ मा उद्घाटन भएको थियो । संग्रहालयमा विश्वका ८ हजारभन्दा बढी उचाइ भएका १४ हिमचुचुरा, आरोहण इतिहास, जानकारी तथा गतिविधि बुझाउन तस्वीर तथा सामग्री प्रदर्शनमा राखिएका छन्।

संग्रहालय संयोजक ठाकुराज पाण्डले चालु आर्थिक वर्षको पुस मसान्तसम्म ९८ हजार ५३८ जनाले संग्रहालय भ्रमण गरेको र त्यसबाट साढे १ करोडल रुपैयाँ आम्दानी भएको जानकारी दिए।

## प्रेस चौतारी पत्रकारिता पुरस्कारबाट माधव बराल पुरस्कृत, मीना गुरूङ र हुम गुरूङ सम्मानित

**पोखरापत्र संवाददाता**
पोखरा, २२ माघ

प्रेस चौतारी नेपालको २६ औं स्थापना दिवसको अवसरमा प्रेस चौतारी, कास्कीले पुरस्कार र सम्मान अर्पण समारोह सम्पन्न गरेको छ।

संस्थाले स्थापना एवं सञ्चालन गरेको प्रेस चौतारी पत्रकारिता पुरस्कार २०८० पूर्व अध्यक्ष माधव बराललाई प्रदान गरिएको छ । यस्तै, प्रेस चौतारी पत्रकारिता सम्मान मीना गुरूङ र हुम गुरूङलाई अर्पण गरिएको छ।

प्रेस चौतारीका केन्द्रीय सदस्यसमेत रहेका बराललाई २२ हजार २ सय २२ रुपैयाँ नगद सहित पुरस्कृत गरिएको हो। सम्मानितद्वय र पुरस्कृत व्यक्तित्वलाई नेकपा एमालेका स्थायी कमिटि सदस्य, गण्डकी प्रदेशका निवर्तमान मुख्यमन्त्री खगराज अधिकारी, एमाले स्थायी कमिटी सदस्य तथा कास्की इन्चार्ज थममाया थापा, प्रतिभा छनौट समिति संयोजक एवं पूर्व अध्यक्ष हरि बास्तोला, प्रेस चौतारी नेपाल कास्कीका कार्यवाहक अध्यक्ष मोतिसागर अधिकारी लगायत अतिथिले सम्मान तथा पुरस्कार अर्पण गरे।

प्रमुख अतिथि अधिकारीले पत्रकार राज्यको चौथौं अगं भनिएपनि यो अनिवार्य अंग भएको बताए । उनले



पत्रकारिता क्षेत्रको महत्वपूर्ण योगदान रहेको उल्लेख गर्दै यसको विकासका लागि सबै एक ठाउँमा उभिनुपर्ने बताए। 'पत्रकारिता क्षेत्रमा धेरै खालका चुनौती छन्। सबै एक भएमात्र ती चुनौतीको सामना गर्न सकिनेछ।' उनले भने।

नेकपा एमाले गण्डकी संसदीय दलका नेतासमेत रहेका अधिकारीले गण्डकी प्रदेशबाट आमसञ्चार विधेयक प्रतिपक्षी दलको विशेष सहयोगमा टुंग्याउन लागिएको जनाए । प्रतिभा छनौट समितिका संयोजक पूर्व अध्यक्ष हरि बास्तोलाले पूर्व अध्यक्ष श्याम कुँवर र पूर्व पुरस्कृत शान्ति गुरुङ सदस्य तथा कार्यवाहक अध्यक्ष मोतिसागर अधिकारी र सचिव रञ्जन अधिकारी पदेन सदस्य रहेको आफ्नो समितिले गरेको सिफारिसको आधारमा पुरस्कार तथा सम्मान अर्पण गरिएको उल्लेख गर्दै सम्मानित र पुरस्कृत व्यक्तित्वको परिचय दिए। सम्मानित मीना गुरुङले सौन्दर्यकर्मीको परिचयले सञ्चारकर्मीको परिचय ओझेलमा पर्दा गुनासो रहेपनि अहिले सम्मानित हुन पाउँदा गर्व महसुस भएको बताइन्। राजनीतिमा लागेपनि आफ्नो प्यासन मिडिया क्षेत्र भएकाले सधैंभर मिडियामा कुनै न कुनै तबरले लागिरहने बताइन् । सौन्दर्यविद् गुरुङ पत्रकार महासंघ कास्की पूर्व कार्यसमिति सदस्य, गोर्खाली रेडियोका एक संस्थापक तथा गण्डकी प्रदेशको पूर्व प्रदेश सभा सदस्यसमेत हुन्। अर्का सम्मानित व्यक्तित्व हुम बहादुर गुरुङले पत्रकारिताको साढे २ दशक लामो सक्रिय अवधिमा पहिलोपटक पत्रकारिता पुरस्कार पाएकोमा खुशी व्यक्त गर्दै सामाजिक संघसंस्थामा अगाडि देखिएपनि पत्रकारिता निरन्तर गरिरहेको बताए । साढे २ दशकदेखि पत्रकारितामै सक्रिय गुरुङ कास्की आवाज दैनिकका सम्पादक तथा प्रकाशक हुन्। अग्रणी संस्था तमु धिँ नेपालका अध्यक्ष रही समाजसेवामासमेत सक्रिय गुरुङले पत्रकारितामा अनवरत योगदान दिइरहेका छन् । पुरस्कृत माधब बरालले २१ वर्षको निरन्तर पत्रकारिता कर्ममा ६ वर्ष नेतृत्व गरेको संस्था प्रेस चौतारी कास्कीले गरेको यो सम्मानले आफूलाई अझै क्रियाशीलतका लागि बल मिलेको बताए।

प्रेस चौतारी कास्कीको अध्यक्ष, प्रेस संगठन नेपालका संयोजक भएर कुशलतापूवक जिम्मेवारी पूरा गरेका उनी हाल चौतारीको केन्द्रीय सदस्य तथा मिडिया अनुगमन विभागको संयोजकको भूमिकामा समेत छन्। शुभकामना व्यक्त गर्दै नेकपा (एमाले) कास्कीका उपाध्यक्ष तेजनारायण अधिकारीले नेपाली प्रेसले लोकतन्त्रका पक्षमा कलम चलाउँदै आएको उल्लेख गर्दै प्रेस चौतारीमा आबद्ध पत्रकारको भूमिका महत्वपूर्ण रहेको बताए । कार्यक्रममा प्रेस चौतारी कास्कीका संस्थापक अध्यक्ष पुण्य पौडेल, नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष विमला भण्डारीले शुभकामना मन्तव्य दिएका थिए । प्रेस चौतारी कास्कीका कार्यवाहक अध्यक्ष मोतिसागर अधिकारीको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष बालकुमारी पौडेल (तारा)ले स्वागत र सचिव रञ्जन अधिकारी क्षत्रीले सञ्चालन गरेका थिए।




# पत्रकार महासंघ कास्कीको डिजिटल साक्षरता तालिम सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, २२ माघ




नेपाल पत्रकार महासंघ कास्कीको डिजिटल साक्षरता, सुरक्षा तथा सूचना अखण्डता तालिम सम्पन्न भएको छ । आइतबारदेखि सुरु भएको दुई दिने तालिममा पोखराका ५० बढी पत्रकारको सहभागिता थियो । तालिममा प्रशिक्षक डिजिटल राइट्स नेपालका संस्थापक सन्तोष सिग्देलले आवश्यक जानकारी उपलब्ध गराएका थिए ।

कार्यक्रमको समापन गर्दै पोखरा महानगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत श्याम कृष्ण थापाले डिजिटल साक्षरता सम्बन्धि तालिम पछिल्लो समय अति आवश्यक रहेको उल्लेख गरे । उनले पत्रकारिता जगतलाई उक्त तालिम उपलब्ध गराउँदा नागरिक सुसूचित हुने भएकाले पोखरा महानगरपालिकाको सहकार्य रहेको बताए । डिजिटल दुनियाँमा यसको सुरक्षाको विषय महत्वपूर्ण भएकाले समाजलाई अनुशासनमा राख्न पत्रकार जागरुक हुनुपर्ने भनाई उनको छ । सबै एक भए मात्र मुलुकको समृद्धि सम्भव भएको बताउँदै उनले कुनै एक क्षेत्रले मात्र गरेर केही नहुने बताए । पोखरा महागर आगामी दिनमा पनि यस्ता तालिमहरुमा साथमा रहने प्रतिबद्धता उनको छ । नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष बिमला भण्डारीले पत्रकार महासंघ अभिभावकीय संस्था भएको र डिजिटल साक्षरता तालिमको आवश्कयता ठानेर नै कार्यक्रमको आयोजना गरिएको बताइन् । उनले कास्कीका पत्रकार हरुमा साक्षरता बढाउन महासंघले तालिम गर्दै आएको जानकारी गराइन् । डिजिटल दुनियामा हरेक समय नयाँ कुरा चाहिएको र त्यसका लागि तालिमको आवश्यकता पर्ने भनाई उनको छ ।

डिजिटल विषयलाई आत्मसात् गरिरहँदा डिजिटल सुरक्षालाई हामीले कत्तिको ध्यान दिएका छौं उक्त विषय प्रमुख कुरा भएको उनले बताइन् । पत्रकारितालाई मर्यादित बनाउन डिजिटल साक्षरता खाँचो परेको उनले उल्लेख गरिन् । नागरिकलाई सुसूचित बनाउन पत्रकार सँगै सरकार समेत चनाखो रहनुपर्ने विषयलाई उनले उठाएकी छिन् । भ्रष्टाचार न्यूनिकरण र सुशासन कायम गर्न सरकारी निकाय पनि डिजिटल बन्नुपर्ने आवश्यकतालाई उनले औंल्याएका छन् । पत्रकार महासंघ कास्कीका पूर्व अध्यक्ष पुण्य पौडेलले पत्रकार महासंघ कास्कीले आयोजना गरेको तालिमको प्रशंसा गरे । प्रशिक्षक सिग्देलले दुई दिनको तालिम पत्रकारका लागि लाभदायक रहेको विश्वास व्यक्त गरे । 'पत्रकारले एउटा कुरा मात्र जानेर भएन हरेक विषयका बारेमा जानकार हुनुपर्यो',उनले भने । दुई दिनको बसाई सार्थक रहेको भनाई उनको छ । तालिम अनुभव सुनाउँदै पत्रकार घनश्याम पाण्डेले आगामी दिनमा पनि यस्तै तालिम गर्दै जानुपर्ने बताए । तालिम फलदायी र समयसान्दर्भिक रहेको भनाई उनको छ । सहभागी केशु भुजेलले डिजिटल साक्षरताका विषयमा धेरै कुरा सिक्ने अवसर मिलेको उल्लेख गरिन् ।

पत्रकार महासंघ कास्कीका निवर्तमान अध्यक्ष दिपेन्द्र श्रेष्ठले समेत प्रशिक्षण गरेको तालिमको समापन कार्यक्रमको संचालन उपाध्यक्ष एवम् तालिम संयोजक रामप्रसाद तिमिल्सेनाले गरेका थिए ।

# भेट्रान फुटबल : दोस्रो दिन ६ खेल सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, २२ माघ



पोखरामा जारी अन्तर्राष्ट्रिय भेट्रान एट ए साइड फुटबल प्रतियोगितामा सोमबार ६ खेल सम्पन्न भएका छन् ।

बगर भाइखलकको आयोजनामा आइतबारदेखि सुरु भएको दोस्रो हिमालय ब्रुअरी तथा तेह्रौं बगर भाइ खलक अन्तराष्ट्रिय भेट्रान फुटबल प्रतियोगिताको दोस्रो दिनको पहिलो खेलमा एक्स वारियर पोखराले सुनाखरी काठमाडौंलाई ३-० ले हराएको छ । एक्सको जितमा किशोरदेव थापाले दुई तथा सुशिल श्रेष्ठले एक गोल गरे । दोस्रो खेलमा चिया पप ठमेलले हरिवन भेट्रान सर्लाहीलाई ६-१ ले हरायो । चिया पपको जितमा सन्तोष नेपालीले दुई तथा मिलन अधिकारी, रमेश गुरुङ, विपिन शाही र मित्रबहादुर बस्नेतले समान एक/एक गोल गरे । निकै प्रतिस्पर्धात्मक बनेको तेस्रो खेलमा नाइट किंग काठमाडौंले लखन ब्रदर्श बुटवललाई टाइब्रेकरमा ४-३ ले हरायो । निर्धारित समयको खेल २-२ गोलको बराबरीमा सकिएपछि खेल टाइब्रेकरमा धकेलिएको थियो । नाइट किंगका लागि राकेश श्रेष्ठ र नवराज गौतमले गोल गरेका थिए भने लखनका लागि यामु राना र भरत गुरुङले गोलगर्दा खेल बराबरीमा सकिएको थियो ।

चौथो खेलमा फ्रिडम फाइटर काठमाडौंले भारतको खेलो भेट्रान देरादुनलाई ६-२ ले हरायो । फ्रिडमका लागि राजकुमार घिसिङले ह्याट्रिक गरे भने कमल विष्ट र विकर्ण श्रेष्ठले एक/एक गोल गरे । देरादुनका लागि गोविन्द सिंह र मनिष शर्माले समान एक/एक गोल गरे । पाँचौ खेलमा रोजरपाटी काठमाडौंले सिमरा भेट्रान माथि ३-० को जित हासिल गर्‍यो ।

जोरपाटीका लागि सुरज सुवेदी, उमेश लामा र निमा लामाले गोल गरे । यस्तै दिनको अन्तिम खेलमा चावहिल काठमाडौंले एन.जेजे.वाई.सी सिमरालाई ४-१ ले हरायो ।

चवाहिलको जितमा कप्तान पासाङ शेर्पाले ह्याट्रिक गरे भने जगतमान लामाले एक गोल गरे समराका लागि राजु राईले एक गोल गरे । प्रतियोगिताअन्तरगत भोलि प्रिक्वाटरफाइनलका सात खेल हुनेछन् ।

# गण्डकीको बीउबिजन विधेयक समितिद्वारा पारित

पोखरापत्र संवाददाता
पोखरा, २२ माघ

गण्डकी प्रदेशसभाको सामाजिक विकास तथा कृषि समितिबाट गण्डकी प्रदेशमा बीउबिजनसम्बन्धी व्यवस्था गर्न बनेको विधेयक सर्वसम्मत रुपमा पारित भएको छ ।

गत भदौ १५ गते प्रदेशसभामा प्रस्तुत भएको सो विधेयकमाथि दफाबार छलफल गरेपछि परिमार्जनसहित पारित गरिएको समितिका सभापति फणीन्द्र देवकोटाले जानकारी दिनुभयो । "किसान, बीउबिजन व्यापारी, कृषि क्षेत्रका विज्ञदेखि सरोकार भएका सबै पक्षलाई समितिको बैठकमा बोलाएर विधेयकमाथि सघन हिसाबले छलफल गर्‍यौं", उहाँले भन्नुभयो, "विज्ञलगायतबाट प्राप्त सुझावका आधारमा आवश्यक परिमार्जनसहित विधेयक समितिबाट पारित भएको छ ।" सभापति देवकोटाले अबको हिउँदे अधिवेशनमा उक्त विधेयक प्रदेशसभामा पेश हुने बताउनुभयो ।

प्रदेशसभामा दफाबार छलफलपछि उक्त विधेयक पारित हुने र ऐनको रुपमा कार्यान्वयनमा आउने उहाँको भनाइ छ । समितिमा भएको विधेयकमाथिको छलफलका क्रममा बाली विज्ञ, बीउ उत्पादक किसान, व्यवसायीलगायतलाई सहभागी गराइएको सभापति देवकोटाले बताउनुभयो । "विधेयकलाई कार्यान्वयमुखी बनाउनुपर्छ भन्नेमा सबैको जोड रह्यो, विधेयकले बीउबिजनसँग सम्बन्धित समग्र विषयलाई सम्बोधन गरेको छ", उहाँले भन्नुभयो ।

प्रदेशको कृषि तथा भूमि व्यवस्था मन्त्रालयको योजना तथा अनुगमन महाशाखाका वरिष्ठ कृषि अर्थविज्ञ भानुभक्त भट्टराईले उक्त विधेयकमा गरिएका व्यवस्थाले गण्डकी प्रदेशभित्रका बीउबिजन उत्पादन गर्ने किसान र व्यापारीलाई सहजता थपिने बताउनुभयो । "बीउबिजनको प्रमाणीकरणका लागि सङ्घ सरकारसँग भर पर्नुपर्ने अवस्था थियो, अब प्रदेशमै बीउबिजन गुण नियन्त्रण केन्द्र", उहाँले भन्नुभयो ।

प्राकृतिक विपद्, रोककिरा आदि कारणले किसानले उत्पादन गरेको बीउबिजन नष्ट भएमा किसानलाई क्षतिपूर्ति दिने व्यवस्था विधेयमा रहेको उहाँले बताउनुभयो । "यदि बिक्रेताले गुणस्तरहीन या गलत बीउबिजन दिएका कारण किसानले कुनै आर्थिक क्षति व्यहोर्नुपरेमा सम्बन्धित व्यापारीले किसानलाई क्षतिपूर्ति दिनेपर्ने प्रावधान विधेयकमा छ", वरिष्ठ कृषि अर्थविज्ञ भट्टराईले भन्नुभयो । किसानलाई उन्नत, सुलभ र गुणस्तर युक्त बीउबिजन उपलब्ध गराउने र प्रदेशलाई बीउबिजनमा आत्मनिर्भर बनाउने लक्ष्यका साथ विधेयकमा नीतिगत व्यवस्था गरिएको उहाँको भनाइ छ । विधेयक निर्माण गर्दा रैथाने बालीको पनि संरक्षण र प्रवर्द्धनमा जोड दिइएको वरिष्ठ कृषि अर्थविज्ञ भट्टराईले बताउनुभयो । बीउबिजनको उत्पादन, उपलब्धता र आपूर्तिको सुनिश्चिताका लागि विधेयकमा कानुनी प्रबन्ध गरिएको उहाँको भनाइ छ । गुणस्तरीय बीउबिजनको उपलब्धतामार्फत बालीको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्दै किसानको सुविधा तथा आर्थिक हितलाई ध्यानमा राखेर विधेयक ल्याइएको कृषि तथा भूमि व्यवस्था मन्त्रालयले जनाएको छ । विधेयकमा बीउबिजनसम्बन्धी नीति निर्माण र कार्यान्वयन गर्न, सो सम्बन्धमा प्रदेश सरकारलाई आवश्यक परामर्श दिन र सङ्घीय ऐनले तोकेका कार्य गर्न प्रदेश बीउबिजन समिति गठन हुने उल्लेख छ ।

विधेयकले कुनै व्यक्ति या संस्थाले बीउबिजनको कारोबार गर्न चाहेमा, मूल वा स्रोत बीउ, वर्णशङ्कर बीउलगायत उत्पादन गर्न चाहेमा अनुमति लिनुपर्ने व्यवस्था गरेको छ । मन्त्रालयले जीवनाशक विषादीसम्बन्धी विधेयकको पनि मस्यौदा तयार गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा पठाएको वरिष्ठ कृषि अर्थविज्ञ भट्टराईले बताउनुभयो ।

# पोखरामा जारी खुल्ला नेपाल स्नोकर प्रतियोगितामा ६ खेल सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, २२ माघ

पोखरामा जारी खुल्ला नेपाल स्नोकर प्रतियोगिता २०८० अर्न्तगत सोमबार तेश्रो चरणका ६ खेलहरु सम्पन्न भएका छन् । पोखरा स्थित ड्यामसाइडमा रहेको फाइनल स्कोर स्पोर्टस बार प्रा.लि.को आयोजना उक्त स्कोरमा जारी प्रतियोगिता अर्न्तगत सोमबार तेश्रो चरणका ६ खेलहरु सम्पन्न भएको प्रा.लि.का अध्यक्ष एवं खेलाडी सोम बि.क.ले बताउनु भयो ।

सोमबारको खेलमा विकास श्रेष्ठ, विनोद श्रेष्ठ, मोती पाख्रिन, अनिल सुनार, सोम बि.क. र सारङ्ग राना विजयी हुदै प्रि–क्वाटरफाइनलदमा प्रबेश गर्नु भएको छ । सोमबारको खेलमा काठमाण्डौंका विकास श्रेष्ठले पोखराका मनिस प्रधानलाई ४–३ को सेटमा पराजित गर्दै प्रि–क्वाटरफाइनलमा प्रबेश गर्नु भएको हो । त्यसै गरी काठमाण्डौंका विनोद श्रेष्ठले काठमाण्डौंकै शाक्ति राईलाई ४–२ को सेटमा, ब्रेक प्वाइन्टका मोती पाख्रिनले पोखराका निर्भिक लामालाई ४–२ को सेटमा, पोखराका अनिल सुनारले पोखराका महेन्द्र नेपालीलाई ४–० को सोझो सेटमा, पोखराका सोम बि.क.ले वुटवलका सागर गाहालाई ४–१ को सेटमा जित हात पार्दा सोमबारको अन्तिम खेलमा भने वुटवलका सारङ्ग रानाले काठमाण्डौंका सविन तामाङलाई ४–२ को सेटमा पराजित गर्दै अन्तिम १६ मा स्थान बनाउनु भएको हो । आइतबारको खेलबाट अन्तिम १६ भित्र पर्ने खेलाडीहरुमा दिनेश भण्डारी, वाङ्गचुक तामङ्ग, नितेश खण्डेलवाल, आयुष गौतम, सरोज गौतम र राजन लामा रहनु भएको छ । मंगलबार बाँकी तेश्रो चरणका ४ खेल हुने भएको प्रा.लि.का अध्यक्ष एवं खेलाडी सोम बि.क.ले बताउनु भयो ।

यही माघ २८ गतेसम्म संचालन हुने उक्त प्रतियोगितामा १ सय २३ जना खेलाडीहरु सहभागि हुनु भएको अध्यक्ष बि.क.ले बताउनु भयो । खेल पर्यटनको प्रबर्द्धन गर्ने उद्धेश्यले कास्की विलियार्ड स्नुकर तथा पुल संघको विशेष सहयोगमा उक्त प्रतियोगिता पोखरामा भएको प्रालि.का संचालक प्रताप गुरुङले बताउनु भयो । प्रतियोगितामा प्रतियोगितामा विजेता हुने खेलाडीलाई १ लाख ५० हजार नगद सहित ट्रफी, मेडल र प्रमाण पत्र वितरण गरिने भएको छ । त्यसै गरी प्रतियोगितामा उपविजेतालाई ७० हजार र तेश्रो हुने दुई जना खेलाडीलाई जनही २०/२० हजारको साथमा ट्रफी, मेडल र प्रमाण पत्र वितरण गरिने भएको हो । उक्त प्रतियोगिताको मुख्य सहयोग पोखरा महानगरपालिकाले गरेको आयोजकले जनाएको छ ।


## विद्युतीय उपकरणको प्रयोगबाट बालबालिकामा पर्ने असर

**विद्युतीय उपकरण (मोबाइल, ट्याब, ल्यापटप आदि) को अधिक प्रयोगले:**

- ◆ बालबालिकाको आँखाको ज्योति कमजोर हुने,
- ◆ दिमागमा असर पर्ने,
- ◆ समयमा नसुत्ने,
- ◆ खानपान तथा दिसापिसाबमा ध्यान नदिने,
- ◆ एकान्तमा बस्न मन पराउने,
- ◆ झिज्याहट हुने,
- ◆ साथीहरुसँग घुलमिल नहुने,
- ◆ एकै स्थानमा बसिरहँदा रक्त सञ्चारमा प्रतिकुल प्रभाव पर्ने,
- ◆ बालबालिकामा अटिजम, शारिरीक तथा मानसिक अपाङ्गतासमेत हुन सक्ने भएकोले बालबालिकालाई विद्युतीय उपकरणको अधिक प्रयोगबाट हुने जोखिमबाट बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## कपालको उपचार

### कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- ● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- ● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- ● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- ● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :

- » शरिरको एक हर नचल्ने ।
- » मुख बाङ्गो भएको ।
- » खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
- » हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने:**
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

**महिलाहरुमा देखिने:**
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय:** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१–५८२५०८, ०६१–५७०६५१, ०६१–५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

